न पक्ष, न विपक्ष ! सधैं निष्पक्ष

जि.प्र.का.सि.द.नं. ११९/०७७/०७८

# गामक पोष्ट

GAAMAK POST NATIONAL DAILY

राष्ट्रिय दैनिक

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिने छौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला ।

**गामक पोष्ट राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३५४०४९६, ९८०५९०३४४०, ९८२५७०२३३३
इमेल : gamakpost2077@gmail.com

बर्ष: ०४, अंक: २४५ पृष्ठ: ४ २०८१ भदौ १५ गते शनिबार (Saturday 31 Aug. 2024) मूल्य रु. ५।– E-mail:gamakpost2077@gmail.com

FOLLOW US facebook:gamakpost2077 YouTube :gamakpost2077 twitter :gamakpost2077 instragram :gamakpost2077

## वर्माको हत्या गरेको अभियोगमा एक पक्राउ

सिरहा, १४ भदौ। सिराहा नगरपालिका ३ मखनाहा बस्ने ४० वर्षीय राकेश कुमार वर्माको हत्या गरेको अभियोगमा धनुषा, धनुषाधाम नगरपालिका ४ लक्ष्मीपुरका ३२ वर्षीय प्रकाश यादवलाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ। क्षिरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगरस्थित नेपाल आयल निगम लिमिटेडको फिल्ड अप्रेशन रूममा सोही आयल निगममा कार्यरत प्रकाश र राकेश कुमार बिच एकआपसमा विवाद हुँदा प्रकाशले बेल्चा प्रहार गर्दा राकेशको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## तालिम शिक्षालयको उद्घाटन

सप्तरी, भदौ १४ गते। सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सप्तरीस्थित तालिम शिक्षालयको उद्घाटन गरेको छ। महानिरीक्षक अर्यालले सप्तरीको कन्चनरुप नगरपालिका वार्ड नं. २ बरमझियास्थित सशस्त्र प्रहरी बल नेपाल दन्तकाली विशेष कार्य तालिम शिक्षालयको उद्घाटन भएको हो। महानिरीक्षक अर्यालले गत वर्षमात्र नेपाल सरकारले स्तरोन्नति गरी सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकसहित संरचनागत रूपमा कार्य प्रारम्भ गरेको शिक्षालयले एक वर्षभित्र नै –बाँकी तीन पेजमा

## कांग्रेसमै भयो लहान–२२ का बेली टोल, ७० जना भन्दा विभिन्न पार्टी परित्याग गरि कांग्रेसमा प्रवेश

लहान, १४ भदौ । लहान नगरपालिका–२२ बेली टोलका अगुवा एमालेमा आबद्ध डोमी चौधरी, सोनावति राम, आसोवति चौधरी, जसपाबाट ०७४ मा वडा सदस्य निर्वाचित भएका बेचन मुखिया, समतलाल साह, माओवादीका अभिलाल चौधरी, सोविता मलिकसहित ७० जना भन्दा व्यक्तिहरुले पार्टी परित्याग गरि नेपाली कांग्रेसमा प्रवेश गरेका छन्।



नवप्रवेशीहरुलाई कांग्रेस सिरहा क्षेत्र नं. का क्षेत्रीय सभापति तथा लहान नगरपालिकाका मेयर महेश चौधरी, ट्रेड युनियन कांग्रेसका जिल्ला अध्यक्ष संजीव उपाध्याय, लहान नगर कांग्रेस सभापति संजय यादव, सोही वडा कांग्रेस बुथ सभापति रामवृक्ष साह (भाईरल बाबा), वडा अध्यक्ष श्याम अधिकारी थारु, वडा–१२ का अध्यक्ष बद्रीनारायण चौधरी तथा कांग्रेस लहान नगर सचिव संजय कुमार यादवलगायतले स्वागत गरेका छन्।

पार्टी प्रवेश कार्यक्रममा नेपाल शिक्षक संघका लहान नगर सभापति नारायण प्रसाद साह, कांग्रेस अगुवा कार्यकर्ता बद्री चौधरी, अजय चौधरी, रामकुमार चौधरीलगायतको उपस्थिति थियो। कांग्रेस नेतृत्वमा लहानका ग्रामिण वडाहरुमा भौतिक पुर्वाधार विकास, सडक, विद्यालयमा परिवर्तनलगायत कार्यले आफुहरुलाई कांग्रेस प्रवेश गर्ने प्रेरित गरेको नवप्रवेशीहरुले सुनाएका छन् ।

## ६ उम्मेदवार अन्तर्वार्ताबाट वञ्चित भएपछि मधेश लोक सेवा आयोगविरुद्ध रिट

*आयोगको लापरवाहीका कारण आफूहरु अन्तर्वार्ताबाट बन्चित भएको भन्दै पुनः अन्तर्वार्ता दिन पाउनुपर्ने माग परीक्षार्थीको छ। तर आयोगले उनीहरुको माग अस्वीकार गरेको छ।*

**शैलेन्द्र महतो**

जनकपुरधाम, १४ भदौ। मधेश प्रदेश लोक सेवा आयोगमाथि लिखित परीक्षामा पास भएका ६ जना उम्मेदवारलाई अन्तर्वार्ता परीक्षाबाट वञ्चित गराएको आरोप लागेको छ। निर्धारित समयमा उपस्थित नभएको भन्दै ६ जना उम्मेदवारको अन्तर्वार्ता नलिएपछि आयोगविरुद्ध उच्च अदालतमा रिट दायर भएको छ। आयोगको विज्ञापन नं. १२७/२०७९–०८० कृषि सेवा, मत्स्य समूह,




सहायक पाँचौ तह तथा विज्ञापन नं. ११६–१२०/२०७९–०८० इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी/इरिगेसन/बी एण्ड आर उपसमूह सहायक पाँचौ तहको लिखित परीक्षा पास भएका निरजकुमार मण्डल, सुदिपकुमार यादव, उमेशकुमार साह, वसन्तकुमार यादव, मुकेशकुमार दास र रोशनकुमार दास अन्तर्वार्ताबाट वञ्चित भएका छन्।

महोत्तरीको जलेश्वर नगरपालिका ९ लोचनाका उम्मेदवार उमेश कुमार साहले आयोगको वेबसाइट डाउन भएकाले त्यहाँ राखिएको सूचना पढ्न नपाएको र अन्तर्वार्ताको केही घण्टाअघि मात्र आयोगले फोन गरेर जानकारी गराएका कारण समयमा उपस्थित हुन नसकेको जिकिर गरेका छन्। लिखित परीक्षामा पास भएका उम्मेदवारहरुको अन्तर्वार्ता २०८० साल फागुन २० गते बिहान ८ बजे तोकिएको थियो। उम्मेदवार साह भने बिरामीको कारण देखाउँदै १० बजेमात्र आयोगको कार्यालय पुगेका थिए।

–बाँकी तीन पेजमा

**पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौ,
- स्रोतमा बाढि, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौ,
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरि एका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मधेश प्रदेशमा ७ मन्त्रालय कायम गर्न लोसपा सांसदको माग

धनुषा, १४ भदौ। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का प्रदेश सांसद उपेन्द्र महतोले मधेश प्रदेशमा मन्त्रालयको संख्या घटाउन माग गरेका छन्। 'प्रदेश सरकारमा राज्यमन्त्री राख्ने र विरोध हुँदा हटाउने सरकारले मन्त्रालयसमेत घटाउनु पर्छ,' प्रदेश सांसद महतोले भने,'मन्त्रालयको बजेट स्थानीय तहभन्दा पनि कम छ। मन्त्रालयमा सचिव छैन। कर्मचारी छैन। वडा कार्यालय जति पनि कर्माचारी मन्त्रालयमा छैन अनि किन राख्ने –बाँकी अन्तिम पेजमा



## सम्पादकीय

# माओवादी युद्ध सकियो, सकिएन विस्फोट आतंक

पाँचथर फालेलुङ गाउँपालिका–५ डाँडागाउँमा बिहीबार माओवादी नेता आइतराज केरुङको घर नजिकै बारीमा बच्चा खेल्दै थिए। विस्फोटको आवाज आयो। गाउँलेहरु दौडिएर बारीमा पुग्दा चार बालबालिका विभत्स हालतमा लडिरहेका थिए। घाइते बालबालिकालाई अस्पताल पुऱ्याए पनि स्थानीय दिलीप साँवाकी अढाई वर्षीया छोरी प्रिन्सा साँवा र ११ वर्षे छोरा दिप्सनको ज्यान गयो। अर्का दुई बालक उपचार क्रममा छन्। गाउँलेहरुलाई यो सबै कसरी भयो भने सुरुमा कुनै हेक्का भएन। प्रहरीले घटनास्थलमा पुगेपछि थाहा पायो, माओवादी युद्धकालमा केरुङको घर नजिकै अम्लिसो बारीमा खिया लागिराखेको वस्तु छुटेको थियो। बच्चाहरुले त्यही चिज खेलाउन थाल्दा विस्फोट हुन पुगेको प्रहरी निष्कर्ष छ।

'त्यति बेला कसैले बारीमा लुकाएर बिर्सिएको हुनसक्छ' प्रहरी स्रोत भन्छ, 'पहिले (द्वन्द्वकालमा) त्यो माओवादीको चहलपहल हुने क्षेत्र पनि हो। त्यही चिज अहिलेसम्म राखिराख्दाको असर हो यो।' पाँचथरमा बिहीबार जे भयो, यो द्वन्द्वकालपछिको पहिलो घटना भने होइन। अरु जिल्लाहरुमा पनि बेलाबखत यस्ता त्रासदीपूर्ण खबर आइरहन्छन्, जसले अझै पनि युद्धकालका अवशेषहरु बाँकी नै रहेको, अनि निहत्था सर्वसाधारण त्यसको मारमा परेको जनाउ दिन्छन्। ११ कात्तिक २०७९ मा कालिकोटको तिलागुफा नगरपालिका–१ रानाबडा गाउँमा यस्तै एउटा घटना घट्यो। कोदो बारीमा तीन जना बालबालिकाहरु खेलिरहेका बेला बम बिष्फोट भएको थियो। विस्फोटमा परेर ५ वर्षीया झरना थापा र ४ वर्षकी सरस्वती रानाको ज्यान गयो।

त्यसबेलाका विद्रोही माओवादीले ०५२ देखि चलाएको सशस्त्र द्वन्द्व १० वर्ष चल्यो। त्यसपछि शान्ति प्रक्रिया सुरु भयो। यति बेला संक्रमणकालीन न्यायको प्रक्रियासमेत टुंगो लागेर अब पीडितलाई परिपुरण राहत इत्यादि चल्ने तयारी छ। तर अझै युद्धले छाडेका घाउहरु सकिएका छैनन् भन्ने दृष्टान्त यी केही घटनाबाट मिल्छ। यसरी द्वन्द्व सकिए पनि युद्धको जोखिम भने टरेको छैन। द्वन्द्वकालका बेला राज्य र विद्रोही पक्षले एक अर्कालाई लक्षित गर्दै ठाउँ–ठाउँमा बम, बारुदी धराप, ठूलो स्केलको आक्रमणका लागि राखेका विष्फोटक धरापको जोखिमबाट मुक्त हुन सकेको छैन। १० वर्षे द्वन्द्वका क्रममा मुलुक बेवारिसे द्वन्द्वकालमा बेवारिसे ढंगले विभिन्न ठाउँमा राखिएका बम र विस्फोटक पदार्थको चपेटामा परेर आम सर्वसाधारणले ज्यान गुमाउनेक्रम आज पनि रोकिएको छैन। नेपालमा शान्ति प्रक्रियापछि घटनामा बारुदी धराप र विष्पोटक पर्दाथबाट कति मान्छे मारिए र घाइते भए भन्ने यकिन संख्या कतै छैन। राज्यले यसको कुनै ठोस रेकर्ड राखेको पनि भेटिंदैन। तर पछिल्ला तीन ठूला घटनालाई मात्र हेर्ने हो भने ९ जनाले ज्यान गुमाएका छन्। दुःखद संयोग, घटनामा मारिने सबै बालबालिका छन्। द्वन्द्वकालीन घटनाक्रमबारे सबै अभिलेखहरु राख्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले तयार पारेको पोहोरसम्मको तथ्यांक अनुसार शान्ति सम्झौतापछि मुलुकभर बारुदी धराप र विस्फोटका थुप्रै घटना भएका छन्। यस्ता बारुदी धराप र विष्फोटक पदार्थमा परेर २१ जना मारिएका छन्। २७१ जना अंगभंग भएका छन्।

मुलुकमा द्वन्द्व सकिए पनि बारुदी त्रासको जोखिम न सकिएको मानवअधिकारकर्मी कृष्ण गौतम बताउँछन्। 'द्वन्द्वकालमा प्रयोग भएका विस्फोटक पर्दाथ आज पनि पड्किरहेका छन्, 'यसले आज पनि सर्वसाधारणको ज्यान लिन छोडेको छैन' बिहीवार पाँचथरमा भएको घटना इंगित गर्दै उनले भने, 'विडम्बना, द्वन्द्वकालीन घटनाहरु टुंग्याउन भनेर संक्रमणकालिन न्याय सम्बन्धी विधेयक पारित गरेकै दिन त्यस्तो घटना घट्यो।' ०८१ गते जेठमा पनि कञ्चनपुरको बेलौरी नगरपालिका–३ पडाउस्थित स्थानीय भजन रानाको घरको जग खन्ने क्रममा बम फेला पर्‍यो। बारीको दक्षिण भेगमा घरको जग खन्दा १२ थान भन्दा बढी सकेट बम फेला फेला परेको थियो। नेपालमा यस्ता बारुदी धराप विरुद्ध काम गर्दै आएको 'बारुदी सुरुङ प्रतिबन्ध अभियान नेपालकी संयोजक पूर्णशोभा चित्रकार द्वन्द्वका क्रममा राज्य र विद्रोही पक्षले एक अर्कालाई लक्षित गर्दै थापेका विस्फोटक पदार्थहरू आज पनि रहेको बताउँछिन्। सेना समायोजन प्रक्रियासँगै क्यान्टोनमेन्टमा रहेका हातहतियार सरकार मातहत भए पनि द्वन्द्वका बेला जंगल, खेत, भिडन्त स्थल, लुकाएर राखिएका ठाउँ लगायतमा छरिएर र बेवारिसे अवस्थामा छोडिएको उनको भनाई छ। उनी भन्छिन्, 'युद्धका दौरान लुकाएका विस्फोटक पदार्थ पूर्ण रूपमा नष्ट हुन सकेनन्। त्यसैले आज पनि यी घटना घटिरहेका छन्।' उनले अझै पनि यस्ता घातक पदार्थबाट जोखिम मुक्त हुने अवस्था नआइसकेको भन्दै चिन्तासमेत व्यक्त गरिन्।

# सुखीपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सुखीपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## गागन खोला, पोखरी, घरभाडा तथा गुदरी बजार ठेक्का बन्दोबस्ती सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/१४ गते**

यस नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका देहाय बमोजिमका गागन खोला, पोखरी, घरभाडा तथा गुदरी बजारहरु जे–जस्तो अवस्थामा छन् सोही अवस्थामा नै ठेक्का बन्दोबस्त गर्नुपर्ने निर्णय भएकोले निम्न खोला, पोखरी, घरभाडा तथा गुदरी बजारहरुको ठेक्का लिने इच्छुक दर्तावाला फर्म, संस्था एवं ब्यक्तिहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र आह्वान गरिएको छ :–

**शर्तहरु :–**

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म ४:३० बजे भित्र रु. १०००।– (फिर्ता नहुने गरी) दस्तुर जम्मा गरी दर्तावाला फर्म, संस्थाले कागजातहरुको प्रतिलिपी सहितको आवेदन तथा व्यक्तिले नागरिकता प्रमाण पत्रको प्रतिलिपी सहित निवेदन दिई यस सुखीपुर न.पा.को कार्यालय बाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरेर खाम बाहिर पाउने पठाउनेको नाम, ठेगना र ठेक्का लिन चाहेको शिर्षकको नाम प्रष्टसँग लेखी १६ औं दिनको १२ बजेभित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिन दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. दरभाउपत्र दाताले दरभाउपत्र साथ नेपाली नागरिक भए कबोल अङ्कको ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने र कम यस कार्यालयको **कृषि विकास बैंक सुखीपुरमा रहेको धरौटी खाता नं. ११०४४०१४६४०४३०२३ (कोड नं. ८०१०२१६०८)**, मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट दरभाउपत्र खोलिने मितिले ९० दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ।

४. समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरीत भएको दरभाउपत्र माथि कारबाही हुने छैन। केरमेट भएको खण्डमा सम्वन्धित दरभाउपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ।

५. दरभाउपत्र भर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरलाई मान्यता दिइनेछ।

६. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सुखीपुर न.पा.को कार्यालयमा दरभाउपत्र दर्ता र खोल्ने कार्य हुनेछ।

७. दरभाउपत्र खरिद वा दर्ता गर्ने दरभाउपत्र दाताले शिर्षकहरुको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिनेछ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

९. दरभाउ पेश गर्ने व्यक्तिको तीन पुस्ते आधारमा नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको ब्यक्तिको दरभाउपत्र मान्य हुने छैन। ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

१०. ठेक्का स्वीकृत भएपछि स्वीकृत रकमको पचास प्रतिशत रकम पहिलो किस्तामा बुझाएपछि मात्र चलन पुर्जी दिईने छ।

११. दरभाउपत्रदाताको अधिकतम कबोल अङ्क वराबर भएमा सोही अङ्कलाई न्यूनतम कबोल अङ्क मानी ३ दिनभित्र अर्को दरभाउपत्र निजहरुबाट मात्रै आह्वान गरिनेछ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित ऐन, कानून र नियम अनुसार हुनेछ।

१३. यस सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा आफैं आई वा फोन नं. ९८५२८२९१११, ९८४२८२८३७५ मा फोन गरी बुझ्न सकिनेछ।

१४. ठेक्का सम्झौता मितिबाट देखि लागू हुनेछ।

१५. नेपाल सरकारलाई बुझाउनु पर्ने कर रकम ठेकेदारले स्वयंम बुझाउनु पर्नेछ।

१६. ठेक्काको विवरण निम्न अनुसारको छ :–

| सि.नं./ ठेक्का नं. | ठेक्का बन्दोवस्तीको नाम सहितको विवरण | ठेगाना | न्यूनतम निर्धारित र कम मु.अ.कर बाहेक | ठेक्का अवधि |
|---|---|---|---|---|
| १ | गागन खोला (गिट्टी तथा वालुवा जम्मा परिमाण १४१५० घ.मी) | सुखीपुर नगर क्षेत्र भित्र रहेको क्षेत्र | २१२२५००/– | २०८२ असार मसान्त सम्मको लागि |
| २ | साविक गा.वि.स. कविलासी ६ मा रहेको पोखरी | सुखीपुर ४ | १९००००/– | ३ बर्षको लागि |
| ३ | साविक गा.बि.स. कबिलासी ५ मा रहेको कित्ता नं. १८२ को पोचरी | सुखीपुर ४ | ९५०००/– | ३ बर्षको लागि |
| ४ | साविक गा.वि.स. कविलासी ३ मा रहेको कित्ता नं. अर्ध १५ तुल १५ को पोखरी | सुखीपुर ४ | २९००००/– | ३ बर्षको लागि |
| ५ | साविक गा.बि.स. कविलासी ३ मा रहेको कित्ता नं. १०६ को पोखरी | सुखीपुर ४ | १८०००/– | ३ बर्षको लागि |
| ६ | साविक गा.वि.स. मोहनपुर कमलपुर ६ दुर्गा मन्दिर छेउको पोखरी | सुखीपुर १ | १२५०००/– | ३ बर्षको लागि |
| ७ | साविक गा.वि.स. मोहनपुर कमलपुर ९ मा रहेको हरि नारायण चौधरी घर छेउको पोखरी | सुखीपुर १ | ५००००/– | ३ बर्षको लागि |
| ८ | साविक गा.वि.स. मोहनपुर कमलपुर ९ धनिकलाल साह घर छेउको पोखरी | सुखीपुर १ | १८०००/– | ३ बर्षको लागि |
| ९ | साविक गा.वि.स. मोहनपुर कमलपुर ७ कमल पोखरी | सुखीपुर १ | २७०००/– | ३ बर्षको लागि |
| १० | साविक गा.वि.स. मोहनपुर कमलपुर १ मधपुर पोखरी | सुखीपुर ९ | १५००००/– | ३ बर्षको लागि |
| ११ | साविक गा.वि.स. मोहनपुर कमलपुर १ बबी पोखरी | सुखीपुर ९ | १५००००/– | ३ बर्षको लागि |
| १२ | साविक गा.वि.स. कुशहा लक्ष्मिनिया बिशो यादव घर छेउको पोखरी | सुखीपुर ३ | ३००००/– | ३ बर्षको लागि |
| १३ | श्रीदेव यादव घर छेउको पोखरी | सुखीपुर १० | ४००००/– | ३ बर्षको लागि |
| १४ | साविक गा.वि.स. सिलोर्वा पछवारी हाल खरहिटोल विनोद यादव घर छेउको पोखरी | सुखीपुर ६ | १७००००/– | ३ बर्षको लागि |
| १५ | साविक गा.वि.स. बल्ही हाल सुखीपुर ७ को डिहवार थान पोखरी | सुखीपर ७ | २१०००/– | ३ बर्षको लागि |
| १६ | साविक गा.वि.स. बल्ही हाल सुखीपुर ७ को ०–२–१० क्षेत्रफल रहेको पोखरी | सुखीपुर ७ | ८५००/– | ३ बर्षको लागि |

–क्रमशः अर्को पेजमा

## गागन खोला, पोखरी, घरभाडा तथा गुदरी बजार ठेक्का बन्दोबस्ती सम्वन्धी सूचनाको बाँकी अंश

| सि.नं./ ठेक्का नं. | ठेक्का बन्दोवस्तीको नाम सहितको विवरण | ठेगाना | न्यूनतम निर्धारित र कम मु.अ.कर बाहेक | ठेक्का अवधि |
|---|---|---|---|---|
| १७ | कुट्टी पोखरी | सुखीपुर ७ | ४५000/– | ३ बर्षको लागि |
| १८ | दहिपौडी कुदलपुर प्रा.वि. छेउको पोखरी | सुखीपुर १0 | १३0000/– | ३ बर्षको लागि |
| १९ | साविक गा.वि.स. सिलोर्वापछवारी हाल सुखीपुर ५ को मखना खत्ता पोखरी | सुखीपुर ५ | ४0000/– | ३ बर्षको लागि |
| २० | बभना पोखरी कविलासी | सुखीपुर ४ | ९५000/– | ३ बर्षको लागि |
| २१ | बभना पोखरी चन्द्रपट्टी | सुखीपुर २ | १0000/– | ३ बर्षको लागि |
| २२ | बौगली पोखरी | सुखीपुर २ | ६५000/– | ३ बर्षको लागि |
| २३ | निक्ठा पोखरी | सुखीपुर २ | ८५000/– | ३ बर्षको लागि |
| २४ | लटाटेल मखान पोखरी | सुखीपुर ६ | १३0000/– | ३ बर्षको लागि |
| २५ | डिहवार्नी पोखरी | सुखीपुर ६ | ८५000/– | ३ बर्षको लागि |
| २६ | हनुमाननगर जयभुवन घर छेउको पोखरी | सुखीपुर ५ | ९१५000/– | ३ बर्षको लागि |
| २७ | डोमा घर नजिकको मैटखुनमा | सुखीपुर ५ | ५000/– | ३ बर्षको लागि |
| २८ | साविक गा.वि.स. कविलासी १ कित्ता नं. २५ को पोखरी | सुखीपुर ४ | १३0000/– | ३ बर्षको लागि |
| २९ | साविक गा.वि.स. सिलोर्वा पछवारी ७ कित्ता नं. ७0 को पोखरी | सुखीपुर ५ | ३२५000/– | ३ बर्षको लागि |
| ३० | साविक गा.वि.स. सिलोर्वा पछवारी २ कित्ता नं. ३३८ को पोखरी | सुखीपुर ५ | ४३000/– | ३ बर्षको लागि |
| ३१ | साविक गा.वि.स. सिलोर्वा पछवारी २ कित्ता नं. १८४ को पोखरी | सुखीपुर ५ | ३५0000/– | ३ बर्षको लागि |
| ३२ | साविक गा.वि.स. सिलोर्वा पछवारी १ कित्ता नं. १८0 को पोखरी | सुखीपुर ५ | ४00000/– | ३ बर्षको लागि |
| ३३ | साविक गा.वि.स. सिलोर्वा पछवारी २ कित्ता नं. ८ को दुर्गा मन्दिर पोखरी | सुखीपुर ५ | ४00000/– | ३ बर्षको लागि |
| ३४ | साविक गा.वि.स. सिलोर्वा पछवारी ६ कित्ता नं. ४ को पोखरी | सुखीपुर ५ | ३७५000/– | ३ बर्षको लागि |
| ३५ | बलही नया भवनको कोठा नं. ६ | सुखीपुर ७ | १000/– | मासिक |
| ३६ | छजना गुदरी बजार | सुखीपुर २ | ४0000/– | १ बर्षको लागि |

### ६ उम्मेदवार ...

आयोगका एक कर्मचारीहरुले उनलाई समय सकिएको जानकारी गराए। साहका अनुसार ती कर्मचारीले एक सातापछि फेरि अन्तवार्ता हुने भन्दै एक हजार रुपैयाँको भौचरसहित छुट अन्तर्वार्ताका लागि निवेदन दिन भने। त्यसपछि आफूसहित ६ जनाले छुट अन्तर्वार्ताका लागि निवेदन दिएको साहको भनाइ छ। उनीहरुको अन्तर्वार्ता हुने भनिएकै दिन आयोगका तत्कालीन अध्यक्ष सुरेन्द्र प्रसाद यादव उमेर हदका कारण पदमुक्त भए। मधेश सरकारले समयमा आयोगका अध्यक्ष नियुक्त नगर्दा आयोगका परीक्षा लगायतका कार्यक्रम ५ महिनासम्म अन्योल रह्यो। ११ साउनमा मुख्यमन्त्री सतिशकुमार सिंहले आयोगको अध्यक्षमा शिवराम यादवलाई नियुक्त गरेपछि कामकारबाही अघि बढ्यो।

अब अन्तर्वार्ताका लागि बोलाइन्छ भन्ने आशमा रहेका परीक्षार्थीलाई आयोगको भदौ ९ गते जारी गरेको सूचनाले निराश बनायो। त्यो सूचनामा लेखिएको छ, "प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ को उपदफा २ तथा प्रदेश लोक सेवा आयोग नियमावलिको नियम २८ को उपनियम २ ले उक्त सम्बन्धमा गरेको व्यवस्था अनुरुप रितपूर्वक प्राप्त भएका नदेखिएकाले निजहरुको माग बमोजिम छुट अन्तर्वार्ता लिन नसकिने व्यहोरा सूचित गरिन्छ।' आयोगको यो सूचनापछि महोत्तरीको जलेश्वर नगरपालिका ९ लोचनाका उम्मेदवार उमेश कुमार साहले उच्च अदालतमा रिट दायर गरेका छन्।

आयोगको लापरवाहीका कारण आफूहरु अन्तर्वार्ताबाट बन्चित भएको भन्दै पुनः अन्तर्वार्ता दिन पाउनुपर्ने माग परीक्षार्थीको छ। तर आयोगले उनीहरुको माग अस्वीकार गरेको छ। आयोगका प्रवक्ता गंगेश गुञ्जन झाले अन्तर्वार्ताबाट वञ्चित हुने कारण निवेदनमा रितपूर्वक नदेखिँदा ती उम्मेदवारको अब अन्तर्वार्ता आयोगले नलिने बताए। 'निवेदनमा समयमा उपस्थित हुन नसकेको उचित कारण उल्लेख छैन। त्यसकारण आयोगले ती ६ छुट उम्मेदवारको परीक्षा नलिने निर्णय गरेको हो,' प्रवक्ता झाले भने, 'उचित कारणविना निवेदनकै आधारमा जहिले पनि छुट उम्मेदवारको अन्तवार्ता लिँदा गलत नजिर बस्न सक्छ।' उनले परीक्षार्थीहरुले भनेको जस्तो आयोगको वेबसाइट कहिल्यै पनि डाउन नभएको दावीसमेत गरे।

तेजाब वा अन्य घात रसायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री विरण गर्नु दण्डनीय अपराध हो।

# घरेलु मामिलामा विदेशी 'जलप' : ओलीसाग अमेरिका र भारत चिढिएकै हुन् ?

## सत्ता स्वार्थ अलगअलग भए पनि राष्ट्रिय स्वार्थमा एक हुन नसक्दाको परिणाम : डा भट्टराई

**फणीन्द्र नेपाल**

काठमाडौँ। प्रधानमन्त्री केपी शर्मा ओली आफू नेतृत्वको सरकार र आफ्नो पार्टीमाथि चौतर्फी आक्रमणको प्रयास भइरहेको भन्दै शक्ति राष्ट्र अमेरिका र भारतसँग सशङ्कित देखिएका छन्। एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले पार्टीको सचिवालय बैठकमै अमेरिका र भारतको नाम लिएर उनीहरूले नेपालमा अराजकता मच्चाउन चलखेल गरेकाले सचेत र सतर्क हुँदै प्रतिवाद गर्नुपर्ने बताएका हुन्। 'संसारभर नै उनीहरू (अमेरिका र भारत)को बोलवाला छ। नेपालमा पनि चलखेल गर्ने र अराजकता मच्चाउने प्रयास भइरहेको छ', ओलीको भनाइ उद्धृत गर्दै एक पदाधिकारीले भने, 'उनीहरूको योजना पहिला नेतृत्वलाई खुइल्याउने अनि पार्टी, सरकार र आन्दोलनमाथि नै आक्रमण गर्ने हो। त्यसअन्तर्गत नेपालमा पनि वितण्डा मच्चाउने सङ्केत देखिएका छन्।'

ओलीले त्यसकै आडमा मुलुकमा अराजकता फैलाउने पात्रहरू सक्रिय रहेको भन्दै अराजक गतिविधि नियन्त्रण गर्न सरकार सजग भए पनि पार्टीका तर्फबाट समेत सचेतता अपनाउन आवश्यक रहेको बताएका छन्। 'जनतालाई साथमा लिएर त्यस्ता गतिविधिको प्रतिवाद गर्न जरुरी छ', ओलीको भनाइ छ। संसदको अङ्कगणितका हिसाबले ओली नेतृत्वको वर्तमान सरकार निकै बलियो मानिन्छ। यति हुँदाहुँदै पनि प्रधानमन्त्री ओलीले किन यस्तो संशय प्रकट गरेका हुन् ? वा घरेलु समस्यामा अन्तर्राष्ट्रिय जलप लगाएका मात्र हुन् ? भन्ने प्रश्न उब्जिएको छ। प्राध्यापकसमेत रहेका राजनीतिक विश्लेषक कृष्ण पोखरेल ओलीको अभिव्यक्ति धरातलीय यथार्थभन्दा फरक रहेको टिप्पणी गर्छन्। तर अर्का विश्लेषक श्रीकृष्ण अनिरुद्ध गौतम भने अन्तर्राष्ट्रिय शक्ति राष्ट्रका बारेमा बोल्दा सन्तुलित हुनुपर्ने भए पनि प्रधानमन्त्री ओलीले त्यसमा ध्यान नदिएको बताउँछन्।

परराष्ट्र मामिलाका जानकार डा. दिनेश भट्टराईले राष्ट्रिय स्वार्थमै असर गर्नेगरी विदेशीले 'कर्नर' गर्न थालेका हुन् भनेर भनिएको भए त्यो नेपाल र नेपाली जनता सबैलाई सजग गराएको रूपमा बुझ्नुपर्ने बताउँछन्। 'दुई ठुला दल (नेपाली कांग्रेस र नेकपा एमाले) सम्मिलित सरकारबारे अमेरिका या भारत चिढिनुपर्ने कुनै कारण देखिँदैन', पोखरेलले रातोपाटीसँग भने, 'धरातलीय यथार्थ र प्रधानमन्त्री ओलीको भनाइबिच मेल खाँदैन।' अमेरिकाको ठुलो चासोको विषय नेपालमा (एमसीसी) सम्झौता पूरा भइसकेको भन्दै त्यस सम्झौताका बेला ओली प्रतिपक्षमा भए पनि अमेरिकालाई सहयोग नै गरेको पोखरेलको भनाइ छ। 'देउवा त एमसीसी सम्झौताका बेला सरकारमै थिए। उनी तयार हुने नै भए। अहिले पनि ओली र देउवा नेतृत्वका पार्टी सरकारमा छन्,' उनले भने, 'यो अवस्थामा ओली नेतृत्वको सरकार र एमालेलाई गिराउनुपर्ने वा खुइल्याउनुपर्ने कुनै कारण छैन।'

उनले भारतसँग पनि ओली र देउवाको नराम्रो सम्बन्ध नरहेको दाबी गरे। 'देउवाको पनि भारतसँग नराम्रो छैन। ओली पदमा बस्न जे कम्प्रोमाइज गर्न पनि तयार हुन्छन्', पोखरेलको भनाइ छ। उनले प्रधानमन्त्री केपी शर्मा ओलीका पछिल्ला केही बोली सोचेर, सम्झेर र योजनावद्ध ढङ्कले नआएको आफूलाई लागेको बताए। 'यसमा म गलत पनि हुनसक्छु। तर कहिलेकाहीँ घरेलु खपतका लागि नेताहरूले विदेश मामिलामा पनि केही यस्ता कुरा भन्दिन्छन्', उनले भने, 'त्यसो भनेपछि सम्बन्धित मुलुकले किन यसो भन्यो भन्ने कुरा आउँछ। त्यसरी कुरा उठ्दा आफू जोगिनलाई उनीहरूले घरेलु खपतका लागिमात्र बोलेको भनिदिने गरेको अन्तर्राष्ट्रिय अभ्यास नै छ।' त्यस्तो अवस्थामा अर्को देशले पनि मान्दिने गरेको उनले सुनाए। 'किनभने आन्तरिक राजनीतिमा केही कुरा नमिलेपछि यसले बोल्यो होला भन्ने अर्थमा उनीहरूले लिन्छन् र त्यति गम्भीरतापूर्वक हेर्दैनन', पोखरेलको विश्लेषण छ।



बरु उनले सरकारविरुद्ध प्रकट भइरहेका असन्तोष 'डाइभर्ट' गर्ने प्रयासस्वरुप ओलीले त्यस्तो अभिव्यक्ति दिएको हुनसक्ने बताए। 'जनताबाट असन्तोष प्रकट भइरहेको छ, मौका मिल्दा जनताले विरोध चर्काउने हुन् कि भन्ने पनि छ। प्रतिपक्ष पनि कडै ढङ्गले प्रस्तुत भएको छ', उनले भने, 'अस्ति भर्खरै एउटा कार्यक्रममा नाराबाजी नै भयो। यसको अर्थ असन्तोष घरेलु कारणले होइन, बाह्य कुरासँग हो भनेर घरेलु समस्यालाई बाहिरी जलप लगाइदिएपछि आफूलाई सहज हुन्छ भनेर बोलेको हुनुपर्छ भन्ने लाग्छ।' तर अर्का विश्लेषक श्रीकृष्ण अनिरुद्ध गौतम अन्तर्राष्ट्रिय शक्तिहरूका बारेमा बोल्दा संयमता र सन्तुलनमा बोल्नुपर्ने बताउँछन्। 'अन्तर्राष्ट्रिय शक्तिहरूका बारेमा बोल्दा संयमता र सन्तुलनमा बोल्नुपर्ने हुन्छ', उनले भने, 'किनभने त्यसै कारणले नसोचेको दुर्घटना पनि हुनसक्छ। आशंकाहरू बढ्न सक्छन् र अवस्था अर्को दिशामा मोडिन पनि सक्छ।'

परराष्ट्र मामिलाका जानकार तथा पूर्वराजदूत डा. दिनेश भट्टराईको मत भने भिन्न छ। उनले प्रधानमन्त्री ओलीले दुई देशको नामै किटेर त्यस्तो अभिव्यक्ति दिएको भए सचेत र सतर्क गराउन खोजिएको हुनसक्ने बताए। यद्यपि बाहिरियाहरूलाई चलखेल गर्ने अवस्था अरु कसैले नभएर हामी आफैँले सिर्जना गरेको कुरा भुल्न नहुने डा. भट्टराईको भनाइ छ। 'राजनीतिक अस्थिरता, सत्ता स्वार्थ, आत्मपरक, सत्तामै रमाउने गतिविधि र राष्ट्रिय संस्थाहरूलाई कमजोर बनाएको अवस्थामा बाहिरियाहरूका लागि खेल्ने अनुकूल वातावरण हो', भट्टराईले रातोपाटीसँग भने, 'तर हामी राष्ट्रिय इन्ट्रेस्टमा चनाखो भएर एक हुनुपर्दछ।' भट्टराईले सत्ता स्वार्थ अलगअलग भए पनि राष्ट्रिय स्वार्थमा एक हुन नसकेको भन्दै मुलुक रहेमात्र सत्ताको राजनीति चल्ने बताए। 'सत्ताको लागि राजनीतिक नेताहरू खेलुन् तर राष्ट्रिय संस्थाहरू बलिया हुनुपर्छ। त्यसो भयो भने ती संस्थाहरूले निगरानी गरिरहेका हुन्छन्। तर नेपालमा त्यो अवस्था पनि छैन,' उनले भने, 'यो अर्थमा प्रधानमन्त्रीले हामी सबैलाई सजग बनाएको हुनुपर्छ।'

उनले नेपालमाथि नै वा पार्टीमाथि कसलाई भनेको भन्ने कुराले पनि फरक अर्थ लाग्ने बताए। 'एमालेमाथिको आक्रमणमात्र भनेको हो भने नो कमेन्ट। तर नेपालको राष्ट्रिय स्वार्थमा असर गर्नेगरी बाहिरियाले कर्नर गर्न थाले भनिएको हो भने नेपाल र नेपाली जनतालाई सजग गराएको हो', भट्टराईको बुझाइ छ। परराष्ट्र मामिलाका अर्का जानकार तथा राजनीतिक विश्लेषक समेत रहेका अरुण सुवेदी प्रधानमन्त्रीले भनेको कुरालाई होइन भनेर भन्न नसक्ने बताउँछन्। 'प्रधानमन्त्रीले नै भनेपछि केही न केही स्रोत होला। प्रधानमन्त्रीको कुरालाई होइन भन्न सक्दिनँ, हो भन्नलाई स्रोत र तथ्यहरू पनि मसँग छैनन्', सुवेदीले भने, 'यसका बारेमा प्रधानमन्त्रीसँगै स्रोत र तथ्यको अपेक्षा गर्ने अथवा बाहिरबाट स्रोत र तथ्य कहिले आउँछन्, त्यो पर्खनेबाहेक विकल्प हुन्न।'

# सिटी सफारी मुख्य राजमार्ग चलाउन पाउनुपर्ने माग राख्दै प्रदर्शन

**चुमन बस्नेत**

मोरङ, १४ भदौ। विराटनगर महानगरपालिका क्षेत्रभित्र पर्ने कोशी राजमार्गको सडक खण्डमा सिटी सफारी चलाउन रोक लगाएपछि शुक्रबार चालकहरूले विरोध प्रदर्शन गरेका छन्। उनीहरुले सिटी सफारी मुख्य राजमार्ग चलाउन पाउनुपर्ने मागसहित प्रदर्शन गरेका हुन्। सिटी सफारी चालकले मुख्य राजमार्गमा निःशर्त सिटी चलाउन पाउनुपर्ने माग राख्दै विराटनगर महानगरपालिकाको कार्यालय अगाडि र मुख्य राजमार्गअन्तर्गत बरगाछी चोकमा एक–एक घण्टा चक्का गरेर प्रदर्शन गरेका थिए।



उनीहरुले सुरुवात महानगरपालिका अगाडि सडक अवरुद्ध पार्दै महानगरविरुद्ध नाराबाजी गरेका थिए। उनीहरुले आफैले लगानी गरेर गरी खाने बाटो बनाएको सिटी सफारीलाई ट्राफिक प्रहरी र नगर प्रहरी (नगरपालिकाको प्रहरी) मुख्य राजमार्गमा चलाउन रोक लगाउँदा दुःख पाएकोले सहजै रुपमा चलाउन पाउनुपर्ने माग राखेको बताएका छन्। महानगरको गेटअगाडि सफारी तेर्स्याएर प्रदर्शन गरिएको सफारी चालक अनिल रायले बताए। विराटनगरका मुख्य राजमार्गमा सफारी सञ्चालनमा रोक लगाएपछि चालकहरू आन्दोलित भएको जानकारी उनले दिए। विराटनगर महानगरपालिका एवं कोशी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँगको समन्वयमा ट्राफिक प्रहरीले रानी नाकादेखि विराटनगरको ढाटसम्मको राजमार्गमा सफारी सञ्चालन गर्न बिहीबारदेखि रोक लगाएको छ।

त्यसको विरोधमा सफारी चालक आन्दोलित भएका हुन्। उनीहरुले राजमार्गमा सफारी गुड्न पाउनुपर्ने माग राखेका छन्। सडकमा गुड्न प्रतिबन्ध लगाउनुभन्दा पनि व्यवस्थित बनाउनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने उनीहरुले बताए। आन्दोलनरत सफारी चालकले विराटनगरका मेयर नागेश कोइराला र प्रदेश सरकारविरुद्ध नाराबाजीसहित प्रदर्शन गरेका थिए। उनीहरुले ऋण गरेर किनेको सफारीलाई सडकमा गुड्न प्रतिबन्ध लगाएर गरिबमारा नीति लिएको निर्णय तत्काल नसच्याए आन्दोलन थप गर्ने चालकहरूले बताएका छन्।

सफारी चालकले राजमार्ग नै अवरुद्ध पारेर आन्दोलन गरेपछि मोरङका प्रमुख जिल्ला अधिकारी (सिडिओ) प्रेमप्रसाद भट्टराईले सफारी चालकहरूलाई शनिबार वार्ताका लागि आउन आग्रह गरेका छन्। सिडिओले वार्तामा बोलाएपछि तत्कालका लागि सफारी चालकले आन्दोलन फिर्ता लिएसँगै राजमार्गमा नियमित रूपमा सुचारु भएको हो। ट्राफिक प्रहरीका अनुसार विराटनगर महानगरपालिकाभित्र ८ हजारभन्दा बढी सिटी सफारी गुड्ने गरेका छन्। धेरै संख्यामा रहेका सफारीका कारण सवारी आवागमन अस्तव्यस्त बन्दै गएको छ। जथाभाबी सफारी सञ्चालन गरिँदा र सफारीले नियम नमान्दा दुर्घटना बढेको ट्राफिक प्रहरीले जनाएको छ। विराटनगर महानगरपालिकामा करिब २ हजारको संख्यामा मात्रै सफारी दर्ता रहेको छ।

सिटी सफारी सञ्चालनमा विशेष योजनासहित नयाँ नियम लागू गरेको बताउँदै, मोरङका ट्राफिक प्रमुख प्रहरी निरीक्षक सुमन न्यौपानेले भने, 'महानगरभित्र कोशी राजमार्गमा सफारी सञ्चालनमा पूर्ण प्रतिबन्ध लगाइएको हो। सिटी चालकहरूलाई यसअघि नै सूचना जारी गरेर रोक लगाएका हौँ। सडक साँघुरो अनि दैनिक रुपमा सफारीको संख्या बढेका कारण ट्राफिक व्यवस्थापनमा समस्या भइरहेको छ।'

## मधेश प्रदेशमा ...

मन्त्रालय ?'

जनमत नेतृत्वको सरकारले ७ मन्त्रालय कायम गरी सकारात्मक सन्देश दिनुपर्ने धारणा राखे। शुक्रबार प्रदेशसभामा बोल्दै लोसपा सांसद महतोले मुख्यमन्त्रीले कसले भन्दा राज्यमन्त्री थपेको र कसले भनेर राज्यमन्त्रीलाई अपमान गरी हटाएको विषयमा मुख्यमन्त्रीले प्रदेशसभामा जवाफ दिनु पर्ने बताए। मुख्यमन्त्रीले राज्यमन्त्रीहरुलाई अपमान गरी हटाएको भन्दै सांसद महतोले सरकारको आलोचना गरे। जम्बो मन्त्रिपरिषद्बाट राज्यमन्त्री हटाउने आँट गर्ने सरकारले कामविहीन मन्त्रालयलाई ७ मन्त्रालय बनाउने आँटसमेत गर्नुपर्ने उनको भनाइ छ।धेरै मन्त्रालयले प्रदेशमा व्ययभार बढाएकोले १२ मन्त्रालयलाई ७ मन्त्रालयमा झार्नु पर्ने उनको तर्क छ। 'पार्टीको सांसदलाई मन्त्री बन्नमात्रै मन्त्रालय राख्नुको कुनै तुक छैन,' महतोले भने। प्रदेशमा मन्त्रालयको संख्या कम गर्ने मुख्यमन्त्रीलाई प्रदेशको नागरिकले जयजयकार गर्ने बताउँदै मधेश प्रदेश सरकारका दलहरुले ५० प्रतिशत महिला र सबै क्लस्टरबाट मन्त्री बनाउनु पर्ने प्रदेश सांसद महतोले माग गरेका छन्।

# उपचार निःशुल्क नगरे अनशन बस्ने कोसीका पूर्वमुख्यमन्त्रीको चेतावनी

विराटनगर, १४ भदौ। कोसी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीले १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचार सूचारु नगरिए अनशन बस्ने चेतावनी दिएका छन्। शुक्रबार प्रदेशसभाको बैठकमा विशेष समयमा बोल्दै कार्कीले भने, "वर्तमान सरकारले मन्त्री, त्यसपछि सांसद त्यसपछि कार्यकर्ता केन्द्रित हुनेगरी बजेट ल्याएको छ। तर, देशकै भविष्य मानिएका बालबालिकाको बजेट कटौती गरेको छ। यदि यो कार्यक्रम निरन्तर नभए मुख्यमन्त्री कार्यालय अगाडि कात्रो लिएर अनशन सुरु गर्छु।" कार्कीले वर्तमान मुख्यमन्त्री हिक्मत कार्कीले जनताको करबाट बन्ने बजेट जनताको लागि केन्द्रित नगरेको भन्दै जनतासँग प्रत्यक्ष जोडिएका कार्यक्रम कटौती भएको बताए। बालबालिकाको निःशुल्क उपचार केदार कार्की मुख्यमन्त्री हुँदा सुरु भएको थियो।

उनले भने, "म जनताको साथ लिएर अनशन बस्छु, कात्रो किन्ने रकम मुख्यमन्त्रीज्यूसँग छैन भने चन्दा उठाएर खरिद गरिदिन्छौँ।" विपन्नको लागि छात्रवृत्ति कार्यक्रम, महिला स्वम्सेविका प्रोत्साहन कार्यक्रम, केसलिया करिडोर कटौती गरिएकोप्रति कार्कीले रोष प्रकट गरेका थिए। कार्कीले अहिलेको सरकारले वितरणमुखी र कार्यकर्तामुखी बजेट ल्याएर जनतामाथि अन्याय गरेको आरोप लगाउँदै सुकुम्बासीले जग्गा खरिद गर्दा सरकारले दिने घोषणा गरेको ब्याज अनुदान कार्यक्रम कटौती भएको बताए। उनले भने, "सुकुम्बासीलाई गरिब नै छाड्ने कि त्यो जीवनबाट माथि उठाउने ?" उनले जनमुखी कार्यक्रम कटाएर सरकार जनताप्रति जिम्मेवार बन्न नसक्ने बताए।

# 'बाल विवाह रोक्ने विषयमा हामी सबै गम्भीर हुनुपर्छ'

**धर्बेन्द्र झा**

जनकपुरधाम, १४ भदौ। मधेश प्रदेशका खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद ज्यसवालले बाल विवाह रोक्ने विषयमा हामी सबै गम्भीर हुनुपर्ने बताएको छ। मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयले यूएसएआईडीको सहयोगमा मधेश प्रदेशमा चार वर्षसम्म सञ्चालन भएको ब्रेक थ्रो एक्सन नेपालको वाल विवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि स्थानीय प्रणाली सुदृढीकरण परियोजना कार्यान्वयनका सिकाई र अनुभव साटासाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएको हो।

उनले बालविवाह हुने प्रदेशमा मधेश पहिलो प्रदेश रहेको चर्चा गर्दै केही बाध्यात्मक परस्थितीका कारण समेत बालविवाह हुने गरेको बताए। बालविवाह, दहेज प्रथा जस्ता विकृतिको समाजबाट अन्त्य हुनुपर्नेमा जोड दिँदै उनले प्रदेश सरकारले समेत यसलाई रोक्नका लागि विभिन्न खालका जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताए। उनले समाजमा व्यवहार परिवर्तन नभएसम्म बालविवाहको न्यूनीकरण गर्न चुनौती




रहेको भन्दै चार वर्षसम्म सञ्चालन भएको यस परियोजनाले सामाजिक व्यवहार परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको बताए। उनले प्रदेशमा बालविवाह रोक्नका लागि कार्यविधि नै तयार भएको भन्दै छलफल पछि कामकाजलाई तीव्रता दिइने जानकारी दिए। परियोजनाका प्रोजेक्ट म्यानेजर सिर्जना केसीले यस परियोजनाले के के कारणले बालविवाह हुने गरेको छ र कसले गराउने गरेका छन् भन्ने विषयमा खोज गरेको बताए। खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव चूडामणि फुयाँलको अध्यक्षतामा भएको सो कार्यक्रममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगका प्रतिनिधि जयकृष्ण उपाध्याय सहितकाले परियोजनाले गरेका कामकाजले बालविवाह न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

कार्यक्रममा बालविवाहका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधि र विभिन्न पालिकाका प्रमुख एवम् प्रतिनिधिको सहभागिता रहेको थियो।

## तालिम शिक्षालयको ...

उद्घाटन गर्ने गरी कार्य गरेकोमा शिक्षालयको प्रशंसा गरे।

महानिरीक्षक राजु अर्यालले अब एन्टि टेरोरिजम, होस्टेज रेस्क्यू, फायर फाइटिङ एवम् वाटर रेस्क्यू सम्बन्धित तालिमहरू उल्लिखित शिक्षालयमा सञ्चालन गरिने बताए। महानिरीक्षक अर्यालले शिक्षालयको कार्यालय भवन अगाडि तयार गरिएको शिलालेखको पर्दा अनावरण गरी उद्घाटन गर्नुभएको थियो। तालिम केन्द्रमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी उपरीक्षकसहित अठार जनालाई प्रशंसापत्र प्रदान गरिएको थियो। उच्च कदर स्वरूप शिक्षालयका प्रमुख समादेशक एसएसपी दिग विजय सुवेदीलाई महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी महानिरीक्षक प्रशंसा विभूषित गरेको थियो।

# २ अर्बमा नयाँ घर किने रणवीर र दीपिकाले, बने यी सुपरस्टारका छिमेकी



काठमाडौं, १४ भदौ। बलिउड अभिनेत्री दीपिका पादुकोण र अभिनेता रणवीर सिंहले मुम्बईको बान्द्रामा करिब ११९ करोड भारतीय रूपैयाँ (करिब २ अर्ब नेपाली रुपैयाँ) मा घर किनेका छन्। भारतीय सञ्चार माध्यम दैनिक जागरणका अनुसार बान्द्रामा घर किनेसँगै उनी शाहरुख खान र सलमान खानको छिमेकी बनेका छन्। उनको घर मन्नत अर्थात् शाहरुख खानको निवास र ग्यालेक्सी अपार्टमेन्ट अर्थात् सलमान खानको निवासको बीचमा छ। ओह फाइभ ओह मिडिया वकर्स एलएलपीले रणवीरसँग बान्द्राको सागर रेशम नामको भव्य भवनका लागि पनि सम्झौता गरेको छ। यो १६, १७, १८ र १९ औं तल्लामा फैलिएको छ। रणवीरको यो अपार्टमेन्ट बान्द्राको बिजे रोड ब्यान्डस्टेशनमा छ। यो भवनको सम्झौता गर्न रणवीरसँग उनका बुबा जगजीतसुन्दर सिंह भावनानी पनि गएका थिए। उनको घर ११ हजार २६६ स्क्वायर फिटमा छ जसमा १३०० स्क्वायर फिटको बार्दली र बगैंचा छ। दीपिका र रणवीरले गत फेब्रुअरीमा यसबारे जानकारी दिँदै सेप्टेम्बरमा आफ्नो सन्तानको स्वागतसहित नयाँ घरमा सिफ्ट हुने बताएका थिए।

गामक पोष्ट राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : धमिनी माई मिडिया प्रा.लि., **सम्पादक : मैनुका गौतम,** कानुनी सल्लाहाकार : प्रशान्त साह **कम्प्यूटर ले-आउट : गामक पोष्ट राष्ट्रिय दैनिक डेक्स**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०४९६, ९८०५९०३४४०, ९८२५७०२३३३ *E-mail: gamakpost2077@gmail.com, dhaminimaimedia@gmail.com* **मुद्रक :** आयुष्मान अफसेट प्रेस, लहान, (सिरहा)